वडाहरु मध्ये 'नमुना' वडा बनाउँछु। पृष्ठ ६

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

**कार्यालय:**
थाहा नगरपालिका-७
शिखरकोट, मकवानपुर
**सम्पर्क नं.**
९८०७२९५०७२
**इमेल:**
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१०, ● अंक-०७, ● २०७४ भदौ १२ गते सोमबार, ● 28 Aug., 2017, ● नेपाल सम्वत्-११३७, ● पृष्ठ-६, ● मूल्य रु. ५/-



## थाहानगरमा १ हजार ८०९ सय मतदाता थपिए

◆ विकास समाचारदाता

मकवानपुर जिल्लामा २७ हजार चारसय ५२ जना नयाँ मतदाता थपिएका छन् । निर्वाचन आयोगले १ साउनबाट ३ भदौसम्म सञ्चालन गरेको नयाँ मतदाता नामावली संकलनबाट उक्त मतदाता थपिएका हुन् । यो सँगै मकवानपुरमा करिब दुईलाख ५९ हजार नौसय ५२ मतदाता पुगेका छन् ।

स्थानीय तहको निर्वाचनको समयमा मकवानपुरमा करिब दुईलाख ३२ हजार पाँचसय मतदाता रहेका थिए । जसमध्ये एकलाख १३ हजार नौसय ९३ महिला तथा पुरूष एकलाख १८ हजार पाँचसय दुईजना मतदाता थिए । नयाँ थपिएकोमा करिब १३ हजार नौसय ४६ महिला



*थाहानगरको विकास घरमा फोटो खिचाउँदै एक मतदाता* / **फोटो: विकास**

र १३ हजार पाँचसय ६ जना पुरूष छन् । निर्वाचन आयोगले भदौ ३ गते देखि नयाँ मतदाता नामावली दर्ता रोकेको छ । मन्त्रिपरिषद्ले मंसिर १० गते निर्वाचन गर्ने निर्णय गरेसँगै मतदाता नामावली संकलन रोकिएको हो । साउन १ गतेबाट जिल्ला निर्वाचन कार्यालयबाट मतदाता नामावली संकलन गरिएपनि साउन १५ गतेबाट उपमहानगर, नगर र गाउँपालिकाको केन्द्रमा पुगेर नामावली संकलन गरिएको थियो ।

३ भदौसम्म नामावली संकलन गरिएको थियो । निर्वाचन कार्यालय मकवानपुमा निर्वाचन आयोगले तोकेको समय अवधीमा हेटौंडा उपमहानगरपालिका सहित जिल्ला निर्वाचन कार्यालयमा १३ हजार ५ सय ५४ जनाले नयाँ मतदाता नामावली दर्ता गराएका छन् । बागमती गाउँपालिकाम एकहजार छसय ७४ जनाले नयाँ मतदाता नामावली दर्ता गराएका छन् भने बकैया गाउँपालिकामा एकहजार एकसय नौ जनाले नयाँ मतदाता नामावली दर्ता गराएका हुन् ।

मकवानपुर गढी गाउँपालिकामा एकहजार तीनसय २६ जना, भीमफेदी गाउँपालिकामा एकहजार एकसय ७९, इन्द्रसरोवर गाउँपालिकामा सातसय ३६ जना, थाहा नगरपालिकामा एकहजार आठसय ९ जना, कैलाश गाउँपालिकामा नौसय १८ जन राक्सिराङ गाउँपालिकामा एकहजार २५ जनाले र मनहरी गाउँपालिकामा तीनहजार एकसय २१ जनाले नयाँ मतदाता नामावली दर्ता गराएका छन् । मकवानपुरमा नामावली सच्याउने करिब ५ सय रहेका छन् भने स्थान्तरण गर्नेको संख्या करिब १८ सय रहेको जिल्ला निर्वाचन कार्यालय मकवानपुर प्रमुख गोविन्द पौडेलले जानकारी दिए ।

# प्रवर्द्धन गरे, आम्दानी बढ्ने

**थाहानगरको धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्न सकिन्छ ।**

◆ विकास समाचारदाता
**थाहानगर**

मकवानपुरको थाहा नगरररपालिका । साविक दामन, पालुङ, बज्रवाराही, टिष्टुङ र आग्रा गाविस मिलेर बनेको एउटा सुन्दर नगर । राजधानी काठमाण्डौंबाट ६५ किलोमीटर र सदरमुकाम हेटौंडाबाट पनि झण्डै उत्तिनै दुरीमा रहेको थाहानगर को पालुङ धार्मिक पर्यटकीय दृष्टिकोणले अब्बल छ । साविक गाउँ विकास समितिदेखि नै आदर्श गाविसको परिचय बनाएको पालुङमा धार्मिक पर्यटन प्रवर्द्धनको लागि स्थानीयहरूले जोडबल गर्दै आएका छन् । पालुङ क्षेत्रलाई धार्मिक पर्यटन प्रवर्द्धनको लागि योजनावद्ध रूपमा विकास आयोजना थालिनुपर्ने पालुङको पाण्डुकेश्वर क्षेत्र विकास समितिका अध्यक्ष जनक हमालले बताए । हमालले भने-'प्याकेजकै रूपमा पालुङ सहित नगरका विभिन्न स्थानमा रहेका धार्मिक क्षेत्रलाई प्रवर्द्धन गरी धार्मिक पर्यटक भित्र्याउन सके नगरको पर्यटन विकासको साथै आन्तरिक आम्दानीको स्रोत पनि बलियो हुन्छ ।' थाहानगरका प्रसिद्ध धार्मिक क्षेत्रसंग जोडेर धार्मिक ट्रेकिङ रूटको समेत विकास गर्न सकिने हमालको भनाइ छ । उदाहरण दिदै भने-पाण्डुकेश्वर-भद्रतिर्थ-पातालेश्वर-पाथीभरा-ऋषेश्वर-त्रिवेणी शंखमुल छोटो धार्मिक पदमार्ग हुन सक्छन् भने साविकको गाविसका प्रमुख धार्मिक स्थलहरूसंग जोडेर लामो धार्मिक पदमार्ग बनाउन सकिन्छ । आफु होमस्टे व्यवशायी समेत भएको बताउँदै उनले विदेशीहरू नेपाली परम्परा र संस्कृति हेर्न रूचाउने अनुभव सुनाए ।

थाहा नगरपालिका मन्दिरै मन्दिरको नगर पनि हो । चित्लाङको स्वच्छन्द भैरब होस् वा दामनको ऋषेश्वर, बज्रवाराहीको उन्मत्तेश्वर महादेव नै किन नहोस पर्यटकीय संभावनाले थाहानगर भरिपूर्ण भएको पाण्डुकेश्वर क्षेत्र विकास समितिका एक सदस्य कमलकुमार केसीले बताए । पछिल्लो समयमा स्थापित भएको गोरखनाथ मन्दिर होस् वा पुराना कलात्मक लोपोन्मुख मन्दिरहरू यहाँको पर्यटन प्रवर्द्धनको कडी भएको केसी बताउँछन् । धार्मिक क्षेत्र प्रवर्द्धनमा पाकापुस्ता मात्र सीमित भएको उनको भनाइ छ । धार्मिक पर्यटन प्रवर्द्धनमा लाग्नेको संख्या ज्यादै कम भएकोले पनि स्थानीय तहको प्राथमिकतामा पर्न नसकेको केसीको गुनासो छ ।

धार्मिक क्षेत्रको संरक्षण र प्रवर्द्धनमा थाहा-३ डाँडागाउँमा भने युवाहरूको आकर्षण बढ्दै गएको छ । गोरखनाथ मन्दिर संरक्षण युवा समूह नै गठन गरेर हरेक चाडवाडमा धार्मिक तथा साँस्कृतिक क्रियाकलाप युवाहरूले नै संचालन गर्दै आएकाछन् । हरितालिका तिज, शिवरात्री वा अरू जुनसुकै पर्वमा पनि मेला व्यवस्थापन देखि विभिन्न कार्यक्रमहरू समेत संचालन



सन् १९७० मा खिचिएको पालुङ शहरको फोटो । **फाइल फोटो**

भइरहेको समितिका अध्यक्ष गणेश विष्टले जानकारी दिए । थाहानगरकै अर्को प्रसिद्ध धार्मिक स्थल ऋषेश्वर महादेव मन्दिरमा पनि संरक्षण समिति गठन गरेर धार्मिक पर्यटन प्रवर्द्धनमा बढवा दिने थाहा-४ का वडा अध्यक्ष दिपकसिं लामाले प्रतिवद्धता व्यक्त गरेका छन् । अरू पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू संचालन गरिरहँदा धार्मिक पर्यटनलाई पनि संगै लैजानु पर्ने अध्यक्ष लामाको भनाइ छ ।

धार्मिक क्षेत्रलाई प्रचारप्रसार गरी नगरको पर्यटन प्रवर्द्धन गरिने नगर पालिकाको नीति छ । यसका लागि नगरपालिकाले पनि कतिपय धार्मिक क्षेत्रको प्रवर्द्धन तथा निर्माणका लागि बजेट विनियोजन गरिएको छ । नगरपालिकाले विश्वकै तीनमध्येको एक मानिएको शंखमूल क्षेत्रको प्रवर्द्धनका लागि पनि बजेट विनियोजन गरेको छ । त्यस्तै नगरका कतिपय मठमन्दिरका लागि पनि बजेट छुट्याएको जनाएको छ ।

# काठमाण्डैाको भित्रको अर्को काठमाण्डौ : पालुङ

थाहा नगरपालिकाको पालुङ शहर आफैमा विविधतायुक्त छ । गाउँ छँदैदेखि यो ठाउँको नाम पालुङ शहर हो । यहाँ आन्तरिक तथा बाहि्य पर्यटक पालुङ पुगे उसले समुदायबाट निकै कुरा सिक्न पाउँछ । राजधानी काठमाण्डौंको दुरूस्तै संस्कृति र परम्परा पाइने ठाउँ संभवतः पालुङ बाहेक अन्यत्र छैन । कोही पर्यटकले सानो काठमाण्डौं घुम्छु भन्यो भने 'पालुङ' गए हुन्छ । काठमाण्डौको सानो रूप हो, 'पालुङ शहर' । भाषा होस् वा परिकार पालुङमा साखै काठमाण्डौ पाइन्छ । काठमाण्डौमा जस्तै पालुङमा चार नारायण परापूर्वकालदेखि स्थापित छ । अधिकांश नेवारी समुदाय रहेको पालुङ शहरको चारैतिर चार नारायणको मन्दिर छ । शेष नारायण, विशंखु नारायण, इचंगु नारायण र चागु नारायण बस्तिको आसपासमा छ । खुलमखुल्ला पुराना ती मन्दिरको मुर्ति चोरी हुन थालेपछि स्थानीयहरूले मन्दिर नै बनाएर राखेका छन् । स्थानीय शम्भुभक्त नापितले भने-'ठूलोबेशी फाँटको पुछारमा र अहिलेको खाल्डे बजारमा रहेको दुई वटा नारायणको मन्दिर तोयापानी प्रधानले बनाउका हुन् ।' उनले थपे-'अरू दई वटा नाारायणको मन्दिर पालुङका कार्कीहरूले बनाएका हुन् ।' अहिले मन्दिरमा चाल्चा लगाउने गरीएको छ ।

नापितले भने-मैले पनि भनेको सुनेको हुँ, रागेब्यादीले धेरै मान्छे मर्न थालेपछि त्यसको सुरक्षार्थ नारायण मन्दिर स्थापना गरेका रे । पहिले-पहिले हरिबोधनी एकादशीमा नारायण मन्दिर घुम्थे खै अहिले त चलन नै हराइसक्यो`, माघेसंक्रान्तिमा पनि चार नारायण स्थानमा मेला जस्तै हुन्थ्यो, त्यो चलन पनि हरायो-नापितले चिन्ता व्यक्त गरे । उनले पुराना कुरा खोल्दै भने-'नारायण मन्दिरमा स्थानीय नेवार समुदाय पौष पूर्णिमादेखि माघ पूर्णिमासम्म एक महिना पुजा गर्थे,सत्बिज छर्ने औसीमा पनि नारायण घुम्न छुटाउँदैन थिए सप्पै चलन हरायो ।' उनी भन्छन्-अहिले न मन्दिरको संरक्षण भयो न त संस्कृति र परम्पराको यी सबै पक्षलाई जोगाउनुपर्छ ।

स्थानीय निरोज प्रधानले भने-'काठमाण्डौको जस्तै सबै हुन्थ्यो, यो सबै परम्परा जोगाउन सके यहि हेर्न पनि कति रचाउँथे, यहि होमस्टे लगायतको व्यशाय गर्न सके स्थानीयको आम्दानी बढ्थ्यो परम्परा जोगिथ्यो ।' पालुङ शहर भित्रै दुई प्रसिद्ध ठाउँ छ, एउटा काठमाण्डौ अर्को पाटन । गाउँको डबली नजिकै अष्टभैरवको मन्दिरको सिमाना बनाएर एकातिर पाटन र अर्कातिर काठमाण्डौ छ । वर्षेनी काठमाण्डौपट्टि इन्द्रजात्रा मनाउँदा पाटन पट्टिका नेवार समुदायले चुनी देउताको पुजा गर्छ । यो दृश्य यहि २० भाद्रको इन्द्रजात्राको दिन हेर्न सकिने स्थानीय शम्भुभक्त नापितले बताए । उनी सम्झदै भन्छन्-अस्ति साउनमा घण्टकर्ण पर्व पनि काठमाण्डौ र पाटको भिन्दा भिन्दै गरियो, अब चैत्रमा घोडे जात्रा पनि मनाउँछौं । पालुङ शहरमा पहिलेदेखि नै मछिम टोल, कुर्छेम्, इच्छेम् र गाँछे (ब्रम्ह टोल) छन् । यहाँका नेवार समुदाय यो टोलहरूबाटै परिचित छन् ।

काठमाण्डौमा मनाइने हरेक पर्व पालुङ शहरमा छुट्दै छुट्दैनन् । पाटन वा काठमाण्डौपट्टि कुनै न कुनैको भागमा पर्व परिहाल्छ । स्थानीय मधुकर विक्रम श्रेष्ठले भने-'काठमाण्डौमा जस्तै यहाँ सबै देवताको मन्दिर छन् । अष्टभैरब, काला भैरब, इन्द्रायणी, सबै मन्दिर यहीँ छन् । हामी काठमाण्डौका नेवार समुदायले जस्तै गरी देउता पुज्छौं ।' उनले सम्झदै भने-काठमाण्डौमा जस्तै अहिले चर्तुमासा भजन दिनदिनै गाउँदे गरेका छौं, तपाई सुन्नुस् भजनको लवज र भाका उस्तै हुन्छ, काठमाण्डौंको जस्तै । यस्तो भजन काठमाण्डौंको टोलटोलमा सुन्न पाइन्छ । दशैको विभिन्न पुजाविधि हेर्ने हो भने पनि हामीसंग उस्तै परम्परा छ, संरचना छ । दशैघर टोलमै छ, त्यहाँ गरिने विधि उस्तै छ । कोतमौला त झन दुरूस्तै छ-नापितले भने । यहाँ बन्ने हरेक घरहरू काठमाण्डौकै शैलीमा बनेका थिए । उनले भने-अहिले आधुनिकीकरण हुँदै गयो, नयाँ डिजाइनका घरहरू बन्न थाले पुराना मासिए । नापितले भने-'वि.सं. २०१५ सालतिरसम्म पालुङ शहर काठमाण्डौंको मातहतमा थियो, हाम्रा बा, हजुरबाहरू तिरो तिर्न काठमाण्डौं जान्थे ।'

## सम्पादकीय

# ऋषिपञ्चमी र लैङ्गिक समानता

ऋषिपञ्चमीको पूजासागै यसवर्षको तीज पञ्चमी पर्व विदा भएको छ । तीज पञ्चमी महिला विशेषको पर्वको रुपमा मानिने भए पनि यसको रौनकले के महिला के पुरुष सबैलाई छोएकै हुन्छ। खासगरी तीजको अवसरमा हुने नाचगानले सबैलाई आकर्षित गर्ने गरेको छ। तीजको अवसर पारेर दर खाने, नाचगान गर्नेजस्ता कुराहरु धेरै अगाडिदेखि नै गाउँ, शहर सबैतिर चल्ने गर्छन् । यही क्रममै धार्मिक, सास्कृतिक चाडको पमा रहेको तीजमा थुप्रै खालका विकृतिह भित्रिएको चर्चा पनि बेलाबखत चल्ने गर्छ। धार्मिक आधारमा गरिने तीज, पञ्चमी ब्रत, यी ब्रतको क्रममा राखिने मनोकामना र पूजा अर्चनाको पनि विभिन्न कोणबाट बहस हुने गरेको छ। यी सबै चर्चा परिचर्चा बीच यस वर्ष पनि तीज पञ्चमी सकिएको छ।

हिन्दू पुराण शास्त्रअनुसार तीजको ब्रत मूलतः श्रीमान्को दीर्घायुको लागि गरिन्छ । इच्छित श्रीमान् पाउन र दाम्पत्य जीवनको सुख, समृद्धिका लागि गरिन्छ। श्रीमानको दीर्घायुको निम्ति पत्नीलाई उत्तरदायी ठहर्‍याउने चिन्तनसाग जोड्ने गरिएको छ। पानी समेत नखाएर तीजको ब्रत बस्नुपर्ने र पानी खाए श्रीमानको रगत खाएसरह हुने भन्ने मान्यता त्यही चिन्तनको उपज नै हो। ऋषिपञ्चमी ब्रत कथामा पत्नीको पतिब्रता हुनुमा शंका मात्र उठाईदैन, महिनावारी जस्तो स्वाभाविक प्राकृतिक प्रक्रियालाई महिलाको दोष र पापका पमा लिने काम गरिन्छ। ऋषिपञ्चमीको पूजामा अन्धतीलाई पूजा गर्ने प्रसंगले म पतिब्रता रहिरहँुदा, अरु ऋषि पत्नीजस्तो पतिब्रता धर्मको संकल्प स्वयं महिलाहलाई लिन लगाइन्छ। महिलाले आफ्ना लागि गर्ने भनिए पनि यसको अन्तय हेर्ने हो भने दुबै पर्वले पुरुष हैकमलाई नै प्रश्रय गर्ने काम गर्दछन् ।

पतिको आयुका निम्ति पत्नीलाई उत्तरदायी ठान्ने चिन्तन पूर्णतः गलत छ, यो रुढी र अन्धविश्वासबाहेक अरु केही होइन। कोही पनि मानिस अजम्बरी हुँदैन। पतिको लामो आयुको चिन्ता लिएर पत्नीले ब्रत बस्नुपर्ने तर पतिले चाहिँ केही पनि चिन्ता र चासो लिनु नपर्ने जुन परम्परा छ, त्यसले नै समाजमा पुरुषको स्थान माथिल्लो हुन्छ र महिलाको महत्वहीन हुन्छ भन्ने चिन्तनलाई नै प्रमाणित गर्दछ।

हाम्रा संस्कारहरु कसरी रुढीग्रस्त बन्न पुग्छन् र तिनले धर्मको खोल ओढ्छन् भन्ने नमूना ऋषिपञ्चमीले देखाउँछ। महिनावारी भएका बेलाको 'छुवाछुत'बाट चोख्खिन यो ब्रत लिनुपर्छ भन्ने मान्यताले महिनावारीलाई पापको पमा लिन खोजिएको छ । यसभित्रका अरु पक्ष पनि होलान् तर समाजमा यही मान्यता स्थापित छ र यही रुपमा नै महिलाहले अपनाउदै आएका छन्। बिडम्बना महिनावारीको बारेमा रहेको यो गलत परम्परागत सोच बदल्न प्रेरित गर्नुको साटो धार्मिक भनिएका परम्परावादीहरु परम्परा र संस्कृति बचाउने नाममा कुर्लिरहेकै छन्। छाउपडी प्रथा र महिनावारी हुँदा गरिने छुवाछुतको व्यवहारसम्मले महिलाहलाई सधैं दुःख दिएको छ, अपमानित गराएको छ। तथ्य यस्तो छ भने प्राकृतिक कुरालाई पापको संज्ञा दिने काम ऋषिपञ्चमीजस्ता ब्रतकथाले गरिरहेकै छन् । जसका कारण सृष्टिकर्ता महिलाहरु उल्टै अपमानित हुनुपर्ने अवस्था छँदैछ।

धेरैजसो सामाजिक अगुवा भनिनेहरुले पनि यी कुराहलाई छाड्न सकेका छैनन्। कतिपय महिला अगुवाहरु समेतले एउटा हातमा समानताको झण्डा र अर्को हातमा महिलालाई सधैंभरि निम्न कोटिको दर्जा दिने यस्ता धार्मिक, साँस्कृतिक झण्डा बोक्न छाडेका छैनन् । यस्तो बिडम्बनापूर्ण अवस्थाको अन्त्य गर्दै समय सापेक्ष रुपमा चाडपर्वभित्रका असमानता प्रबर्द्धन गर्ने कुराहरु त्याग्न सक्नुपर्छ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सम्पत्ति कर : स्थानीय सरकारको मुल श्रोत



रूप खड्का

**नेपालमा पनि अचल सम्पत्तिमा वार्षिक रुपमा लाग्ने सम्पत्ति वा घरजग्गा तथा भूमि कर (मालपोत) लगाउने अधिकार स्थानीय तहको छ। स्थानीय सरकारको अधिकार क्षेत्रमा घरजग्गा पर्ने हुनाले त्यसमा लाग्ने करले उसलाई राजस्व परिचालन गर्ने अवसर दिन्छ। सम्पत्ति कर चक्रीय रुपले स्थिर हुनाले यसले स्थानीय सरकारको राजस्व संकलनमा स्थायित्व ल्याउँछ।**

संघीय नेपालमा स्वायत्त स्थानीय तहको व्यवस्था छ। यसअन्तर्गत मुलुकभर ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २४६ नगरपालिका र ४८१ गाउँपालिका छन्। तिनलाई विभिन्न व्यय उत्तरदायित्व तथा राजस्व अधिकार सुम्पिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन र स्थानीय शासन सम्बन्धि कानुनमा स्थानीय तहले लगाउन सक्ने र ाजस्वका विभिन्न श्रोतको व्यवस्था छ।

राजस्वका श्रोतहरू कर तथा गैर कर छन्। स्थानीय तहलाई सम्पत्ति, भूमि (मालपोत), घरवहाल, सवारीसाधन कर, मनोरञ्जन, व्यवसाय, विज्ञापन कर तथा घर-जग्गा दर्ता शुल्क लगाउने अधिकार दिइएको छ। यसैगरी मूल्य अभिवृद्धि कर तथा अन्तशुल्क राजस्वको निश्चित हिस्सा पाउने व्यवस्था छ।

स्थानीय तहका गैर करमा सेवा, पार्किङ, ईन्जिन जडान नभएका टाँगा, रिक्सा, अटो रिक्सालगायतका सवारीसाधन, केवलकार तथा डुंगामा लाग्ने, वहाल विटौरी, पर्यटन तथा जडीबुटी, कवाडी र जीवजन्तु शुल्क पर्छन्। यसैगरी स्थानीय तहले पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज जस्ता प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको ५ प्रतिशत पाउने व्यवस्था छ। संविधानले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्र राखिएका कर तथा गैर करको संरचना तथा संचालन प्रक्रिया तय गर्ने अधिकार दिएको छ।

नेपालमा पहिलो पटक संवैधानिक अस्तित्व सहित स्थापना भएका र हुँदै गरेका स्थानीय तहकालागि सही किसिमको राजस्व व्यवस्था तय गर्नु एकैसाथ चुनौती र अवसरका रूपमा हेर्न सकिन्छ। सैद्धान्तिक मान्यता तथा अन्तराष्ट्रिय असल अभ्यासअनुसार सबै क्षेत्रमा छरिएका, भौगोलिक हिसाबले न्यून गतिशील आधार भएका तथा चक्रीयरुपले स्थिर करलाई स्थानीय तहमा लगाउनु उपयुक्त हुन्छ। साथै कार्यान्वयन गर्न सहज हुने, सम्बन्धित क्षेत्रका बासिन्दामाथि मात्र लाग्ने र स्थानीय सरकारबीच नकारात्मक प्रतिस्पर्धा सिर्जना नगर्ने खालका कर लगाउनु राम्रो मानिन्छ। उक्त मान्यताअनुसार घर जग्गा जस्तो अचल सम्पत्तिमा कर लगाउने अधिकार प्रायः सबै मुलुकमा स्थानीय तहलाई दिइएको पाइन्छ। स्थानीय तह राजस्वको अधिकांश हिस्सा सम्पत्ति करबाटै प्राप्त हुन्छ।

नेपालमा पनि अचल सम्पत्तिमा वार्षिक रूपमा लाग्ने सम्पत्ति वा घरजग्गा तथा भूमि कर (मालपोत) लगाउने अधिकार स्थानीय तहको छ। स्थानीय सरकारको अधिकार क्षेत्रमा घरजग्गा पर्ने हुनाले त्यसमा लाग्ने करले उसलाई राजस्व परिचालन गर्ने अवसर दिन्छ। सम्पत्ति कर चक्रीय रुपले स्थिर हुनाले यसले स्थानीय सरकारको राजस्व संकलनमा स्थायित्व ल्याउँछ। राजस्वमा उतारचढाव आएर आयका लागि माथिल्लो स्तरका सरकारमाथि निर्भर हुनुपर्ने भएमा स्थानीय सरकार कमजोर हुन्छन्।

सम्पत्ति करले स्थानीय सरकारलाई कमजोर हुनबाट बचाउँछ। वित्तीय स्वायत्तता, उत्तरदायित्व, कर आधारको स्थानीयकरण, कर भार बाहिर निकासी नहुने जस्ता सिद्धान्तसँग अचल सम्पत्ति कर मेलखाने हुनाले यसलाई स्थानीय तह राजस्वको मूल श्रोत मानिन्छ। स्थानीय तहलाई घरजग्गा दर्ता दस्तुर, आयमा आधारित, सवारीसाधन, मनोरञ्जन, व्यवसाय तथा विज्ञापन कर जस्ता वस्तुगत कर लगाउने अधिकार छ। यसरी नेपालमा स्थानीय तहलाई सम्पत्ति, आय तथा वस्तु र सेवामा आधारित विभिन्न कर लगाउने अधिकार छ। यसले वित्तीय स्वायत्तता तथा उत्तरदायित्व प्रोत्साहन गर्ने आशा छ।

संकलित राजस्व स्थानीय विकासमा लगानी हुने र त्यसबाट जनताले प्रत्यक्ष फाइदा पाउने हुँदा यसबाट करदाताहरूको सहभागिता बढ्ने अनुमान छ। कुनै स्थानीय सरकारले कर बढी लगायो, तर सोअनुसार राम्रो सेवा दिन सकेन भने स्थानीय वासिन्दा अन्य क्षेत्रमा सर्न सक्छन्। यसैले स्थानीय सरकारबीच आफूले लगाएको करबाट जनतालाई सकेसम्म बढी सुविधा दिने प्रतिस्पर्धा हुन्छ। यसले मुलुकको विकासमा सकारात्मक असर पार्छ।

अन्य क्षेत्रबाट आफ्नोमा आकर्षित गर्न उद्योग व्यापार जस्ता क्षेत्रमा दिगो नहुने वा कम कर लगाउने अस्वस्थ प्रतिस्पर्धा गर्नुहुँदैन। यसको परिणाम स्थानीय सरकारले राजस्व गुमाउनु पर्ने हुनसक्छ। राजस्व अभावमा विकास निर्माण रोकिने सम्भावना बढ्छ। स्थानीय सरकार बीच गठजोडहरू (कार्टेल) पनि हुनुहुँदैन। कर तथा राजस्व स्थानीय सरकारले फजुल कार्यमा लगाएमा त्यसबाट कर सहभागिता बढ्नुको साटो घट्छ। र, माथिल्लो तहमा स्थापित भइसकेका कर तल्लो तहमा सारिएकै कारण सही कार्यान्वयन नभएमा मुलुकलाई आर्थिक घाटा हुन्छ।

यो अवस्थाबाट बच्न सही कर प्रणाली स्थापना गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने वातावरण बनाइनुपर्छ। पर्याप्त गृहकार्य र विज्ञहरूको प्रयोग नरिएकाले संविधानले स्वस्थ संघीय वित्त व्यवस्थाको खाका दिन सक्दैन।

उदाहरणको रूपमा स्थानीय तहको राजस्व व्यवस्था नै लिन सकिन्छ। स्थानीय, केन्द्रीय तथा प्रादेशिक तहलाई दिइएको कर अधिकारमा दोहोरोपन छ। स्थानीय तहलाई घर-जग्गा दर्ता शुल्क, सवारी साधन, मनोरञ्जन तथा विज्ञापन कर लगाउने अधिकार छ भने यिनै कर लगाउने अधिकार प्रदेशलाई पनि छ। यसरी एउटै आधारमा विभिन्न तहले कर लगाउने व्यवस्था स्वस्थ राजस्व प्रणालीको सूचक होइन।

एक तहले लागू गर्ने कर प्रणालीले अर्को तहको कर प्रणालीलाई असर पार्ने हुनाले यसबारे प्रस्ट खाका तयार गरिनुपर्छ। एउटै आधारमा विभिन्न तहले अलगअलग कर लगाउनुभन्दा करको सैद्धान्तिक मान्यताअनुसार कुन कर कुन तहमा लगाउँदा आर्थिक तथा प्रशासनिक क्षमताको हिसावले उपयुक्त हुन्छ भनेर यकिन गरिनुपर्छ। र, एउटा आधारमा एउटा कर मात्र लगाउने व्यवस्था गरिनुपर्छ।

सन्निकटताको सिद्धान्तअनुसार स्थानीय सरकारले प्रभावकारी रूपमा संकलन गर्नसक्ने करमा माथिल्लो सर कारले हस्तक्षेप गर्नुहुँदैन। करका सामान्य सिद्धान्तअनुसार प्रभावकारीरूपमा लागू गर्न सक्ने कर छनौट गरी स्थानीय सरकारका लागि आरक्षित गरिनुपर्छ। उपयुक्त कर छनौटपछि तिनको संरचना तथा संचालन प्रक्रिया तय गरिनुपर्छ। यो तय गर्ने अधिकार संविधानले स्थानीय तहलाई नै दिएको छ। यसका लागि स्थानीय कर का सामान्य सिद्धान्त, अन्तराष्ट्रिय असल अभ्यास, प्रादेशिक तथा संघीय कर प्रणालीसँगको अन्तर-सम्वन्ध तथा सिंगो अर्थतन्त्रमा पार्न सक्ने प्रभावबारे स्थानीय तहका नीति निर्माता तथा प्रशासकलाई राम्रो जानकारी हुनपर्छ। नेपालका ७४४ स्थानीय तहमध्ये अधिकांशमा यस्तो क्षमता नभएकाले एक नमूना कानुन तय गरिनुपर्छ। यसले स्थानीय तहलाई राष्ट्रिय मापदण्ड प्रदान गर्नेछ र मुलुकभरको राजस्व प्रणालीमा एकरूपता, समन्वय र सामञ्जस्य ल्याउनेछ।

नमूना कर कानुनमा स्थानीय तहले लगाउन सक्ने राजस्वका स्रोतहरूको क्षेत्र तथा आधार कस्तो हुने, अधिकतम तथा न्यूनतम दर कति हुने, कर निर्धारण सम्बन्धमा के कस्तो प्रकृया अपनाउने जस्ता विषय समेटिनुपर्छ।

यसैगरी कर विवरण, भुक्तानी, वक्यौता संकलन, दण्ड-जरिवाना, पुनरावेदन लगायतका सबै प्रकृया समावेश गरिनुपर्छ।

यस्तो नमूना कानुन सही तथा प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यक निर्देशिका, फर्म तथा अन्य कागजात तयार गर्ने, करको लेखांकन तथा प्रतिवेदन सम्वन्धी ढाँचा तयार गर्ने, कम्प्युटर प्रणालीको विकास गर्ने र आवश्यक संस्थागत व्यवस्था तथा जनशक्ति तयार गरिनपर्छ। स्थानीय तहले सुरूमा यही नमूना कानुनअनुसार कर लगाउन सक्नेछन्। क्षमता वृद्धि हुँदै गएपछि आफैं कानुन निर्माण गरेर कार्यान्वयन गर्न सक्नेछन्।

वि.सं. २०१७ सालमा पंचायती व्यवस्था लागू गरिए लगत्तै स्थानीय तहलाई दिइएको कर अधिकार लामो समयसम्म प्रयोग भएन। यसले नकारात्मक कर प्रणाली विकास गरेकाले कर खारेजीको माग भएको थियो। त्यसैले स्थानीय कर प्रणाली लागू गर्न राजनीतिक प्रतिवद्धता पनि त्यतिकै जरूरी छ।

अहिलेका स्थानीय तहलाई त्यो छुट छैन। यी संविधानअनुसार गठित छन् र विकासको लागि थुप्रै काम गर्नुपर्नेछ। स्थानीय तहका काम प्रदेश र संघको अधिकार क्षेत्र भित्र छैनन्। त्यसैले स्थानीय तहले ती काम गर्नैपर्छ र यसका लागि सही किसिमले राजस्व परिचालन गर्न आवश्यक छ।

सुरूआतमै राजस्व व्यवस्था स्थापना गर्न सकिएन भने पछि सच्याउन गाह्रो हुनुका साथै मुलुकले ठूलो मूल्य चुकाउनु पर्ने हुनसक्छ। यसैले संघीय व्यवस्थाको मूल मान्यताभित्र रहेर स्थानीय तहको लागि उपयुक्त राजस्व व्यवस्था तर्जुमा गरिनुपर्छ। त्यसलाई सही किसिमले कार्यान्वयन गर्नसक्ने संयन्त्र तयार गरिनुपर्छ।

## शैक्षिक सवालमा कर्मचारीमा निर्भर

# स्थानीय सरकारको प्रभावकारीता

◆ एडुखबर

**केन्द्रबाट खटिने कर्मचारी आफू अनुकूल भएन भने तत्कालै सरुवा गराएर अन्यत्र जाने संभावना पनि छ । हामी सबैलाई थाहा छ, कर्मचारीतन्त्रमा तहगत सोपान हुन्छ । आदेश र निर्देशनको एकात्मकता हुन्छ । एक तह माथिल्लो कर्मचारीले तल्लो तहको कर्मचारीलाई परिचालन गर्छ । काम लगाउँछ । कामका लागि उत्प्रेरीत गर्छ । कमजोर कार्यसम्पादनका लागि दण्डित गर्छ र राम्रो कामका लागि स्यावासी दिन्छ, पुरस्कृत गर्छ ।**

◆◆◆

स्थानीय सरकारलाई संविधानबाटै प्रदत्त गरिएको माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनले सामुदायिक शिक्षाको गुणस्तर सुधार गरी अभिभावकको विश्वास जित्ने अवसर दिएको छ । यसका लागि स्थानीय सरकारहरूले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकसँग सहकार्य, समन्वय र छलफल गर्नु जरूरी छ । त्यसैगरी स्थानीय सर कारले प्रवाह गर्ने शैक्षिक सेवा र विद्यालयहरूको नियमन तथा व्यवस्थापनले पनि यसमा महत्वपूर्ण भूमिका खेल्छ ।

पछिल्ला दिनहरूमा स्थानीय सरकारका पदाधिकारी शिक्षाका कर्मचारी नँहुदा आएको बजेट बुझ्न नसकेको र अलमलमा परेको भन्ने भनाईहरू सार्वजनिक भएका छन् । अबको एकमहिना भित्र स्थानीय निकायहरूले अरू काम गर्न नसकेपनि अनिवार्य रूपमा शिक्षकको तलब (दशै भत्तासहित) निकासा दिनु पर्छ । त्यसका साथसाथै विभिन्न प्रकारका छात्रवृत्ति, पाठ्यपुस्तक लगायतका अन्य शीर्षकमा क्रमशः विद्यालयहरूलाई अनुदान उपलब्ध गराउनु पर्छ ।

स्थानीय तहमा गएको शिक्षातर्फको सबै बजेट विद्यालयहरूको खातामा निकास गरिदिने बजेट हो । यसका लागि हरेक स्थानीय तहमा विद्यालयको अद्यावधिक तथ्याङ्क उपलब्ध हुनुपर्छ । विद्यालयमा कार्यरत स्थायी, अस्थायी, राहत शिक्षक कति छन् ? कुन कुन तह (प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक) का छन् ? विद्यार्थी कति छन् ? छात्रा छात्रवृत्तिका लागि योग्य छात्रा कति छन् ? दलित विद्यार्थी, विशेष आवश्यकता भएका विद्यार्थी लगायतका विद्यालयको समग्र जानकारी हुनुपर्छ ।

विद्यालयहरूलाई कुनै पनि प्रकारको रकम निकासा गर्नुपूर्व कुन शीर्षकको रकम हो, त्यो के मा खर्च गर्ने हो ? त्यो खर्च गर्ने आधारहरू के के हुन ? यस्ता विषयमा पनि स्थानीय सरकारहरू आँफू स्पष्ट भई विद्यालयलाई समेत स्पष्ट निर्देशन दिनु पर्ने हुन्छ ।

उल्लेख गरिएको काम त स्थानीय सरकारको एउटा बजेटसँग सम्बन्धित काम मात्र हो । स्थानीय सरकारसँग माध्यमिक शिक्षासँग सम्बन्धित अन्य कार्यहरूमा मन्त्रीपरिषद्बाट स्वीकृत अधिकारक्षेत्रको विस्तृतिकरण अनुसार तेह्रवटा काम तोकिएका छन् । स्थानीय सरकारका काम अन्ततः गर्ने भनेको त कर्मचारीले हो । स्थानीय तहमा केन्द्रबाट खटिने तथा स्थानीय तहमा यसपूर्व कार्यरत र भोलिका दिनहरूमा स्थानीय सरकारले नियुक्त गर्ने कर्मचारीहरूबाटै ती सबै कार्यसम्पादन गर्नुपर्छ ।

यसै सन्दर्भमा स्थानीय सरकारका पदाधिकारीहरूले के बुझ्नु पर्छ जस्तो लाग्छ भने स्थानीय सरकारको प्रभावकारीता भनेको स्थानीय तहबाट कर्मचारीले गर्ने सेवा प्रवाह, त्यसको गुणस्तर र जनतासँग गर्ने व्यवहारमा भर पर्छ । सेवाप्रवाह हुनुभन्दा पनि कति गुणस्तरीय भयो, कति छिटो छरितो भयो र त्यसो सेवा प्रवाहबाट जनताहरू सन्तुष्ट छन् छैनन भन्ने कुरा निकै महत्वपूर्ण हुन्छ ।

कर्मचारीहरूमा स्वभावैले परिणामभन्दा प्रक्रियामा ध्यान दिने विशेषता हुन्छ । उनीहरू जोखिम लिएर काम गर्न चाहदैनन् । कानुन, नियम, निर्देशिकाहरूले नमिल्ने कुरा गर्दैनन् त्यसैले स्थानीय सरकारका पदाधिकारीहरूले सेवा प्रवाहका लागि प्रक्रिया सरल हुने नीतिहरू तयार गर्नुपर्छ । केन्द्रबाट खटिने कर्मचारी, स्थानीय तहमा काम गरिरहेका बीचमा समन्वय गराएर कार्यप्रक्रियालाई सरलीकरण गर्नु स्थानीय सरकारका लागि चुनौति पनि हो ।

केन्द्रबाट खटिने कर्मचारी आफू अनुकूल भएन भने तत्कालै सरूवा गराएर अन्यत्र जाने संभावना पनि छ । हामी सबैलाई थाहा छ, कर्मचारीतन्त्रमा तहगत सोपान हुन्छ । आदेश र निर्देशनको एकात्मकता हुन्छ । एक तह माथिल्लो कर्मचारीले तल्लो तहको कर्मचारीलाई परिचालन गर्छ । काम लगाउँछ । कामका लागि उत्प्रेरीत गर्छ । कमजोर कार्यसम्पादनका लागि दण्डित गर्छ र राम्रो कामका लागि स्यावासी दिन्छ, पुरस्कृत गर्छ ।

स्थानीय सरकारहरु केन्द्रबाट कर्मचारी नआउँदा काममा अलमल भएको कुरा जुन सुनिएको छ । त्यो स्वभाविक पनि छ । तर सँगै स्थानीय सरकारहरूले आफ्नो आवश्यकता अनुसार केन्द्र सरकारलाई कर्मचारी उपलब्ध गराइदिन अनुरोध गर्ने हो वा केन्द्र सरकारले तिमीहरूलाई यस्तो यस्तो कर्मचारी चाहिन्छ भनेर पठाइदिने हो ? अहिले हुँदै गरेको अभ्यास हेर्दा केन्द्र सरकारका केही विज्ञहरु (जसले जागरिको जिन्दगी सिंहदरबारमै बिताए) स्थानीय सरकारका लागि शिक्षाको एकजना कर्मचारी खटाउने भनेर निर्देशन जारी गरेका छन् ।

विज्ञ प्रशासक महोदयहरूलाई हेक्का हुनुपर्छ कि ५० विद्यालय हुने गाउँपालिका र २०० विद्यालय हुने नगरपालिकामा एकजना शिक्षाको कर्मचारीले शिक्षाका तोकिएका काम गर्न संभव छ ? सिंहदरबार गाउँमा पुऱ्याएको भन्दै चर्को भाषण गर्ने राजनीतिक दलहरू सिंहदरबारमै रूमलिएका छन् ? सिंहदरबार गाउँमा भनेको के हो ? संविधिानमा लेखेर मात्र त गाउँमा जाँदैन होला । गाउँमा सेवा प्रवाह कसरी हुँदैछ ? कर्मचारी खटनपटन कसरी हुँदैछ ? राजनीतिक दलहरूले यस विषयमा चासो दिनु पर्छ ।

अहिले स्थानीय निकायमा कर्मचारी खटाउने सन्र्दभमा वरिष्ठताको विवादले ढिला भइरहेको भन्ने खवरहरू सार्वजनिक भइरहेका छन् । नेपालको कर्मचारीतन्त्र सञ्चालन गर्ने निजामती सेवा ऐन २०४९ र नियमावली २०५० अध्ययन गर्दा यो कुरा सान्दर्भिक नै देखिन्छ । म्याक्स वेवरद्धारा प्रतिपादित सिद्धान्त कर्मचारीतन्त्रका विशेषतामा वरिष्ठता हुने र त्यसको मातहत कनिष्ठ रहने भन्ने देखिन्छ । सार्वजनिक भएका समाचार र विचारहरु अनुसार हाल शिक्षा लगायतका अन्य केही प्राविधिक सेवा र प्रशासन सेवाकाबीच वरिष्ठताको विवादले कर्मचारी स्थानीय तहमा खटिएका छैनन् ।

स्थानीय तहमा कर्मचारी खटाउँदा वरिष्ठता मिलाउनै पर्छ भन्नेमा सरकारले निर्वाचित गराएको आधिकारीक ट्रेड युनियनले पनि अघिल्लो महिना विज्ञप्ती जारी गरेको थियो । आधिकारीक ट्रेड युनियनका अध्यक्ष पुण्य ढकालले एक अनलाइन पत्रिकाको अर्न्तवार्तामा अहिलेका सचिव प्रदेशमा जान्छन ? अर्थ मन्त्रालयमा अर्थ सचिव जुनियर र राजश्व सचिव सिनियर राख्दा उनले काम गर्छन ? भन्ने प्रश्न उठाउनु भएको सन्दर्भलाई पनि हेक्का राख्नु पर्ने छ ।

स्थानीय सरकारको सन्दर्भमा हामीले यो विषय किन उठान गरिरहेका छौं भने केन्द्रले जर्वजस्ती कर्मचारीको वरिष्ठता नमिलाई स्थानीय निकायमा खटायो भने कर्मचारीहरूकाबीचमा स्वभाविक रूपमा विवाद उत्पन्न हुने, मनमुटाव हुने, समन्वय नहुने, कामप्रति उत्प्रेरीत नहुने अवस्था आउँनेछ र त्यसले अन्ततः स्थानीय सरकारको कार्यसम्पादनमा असर पर्छ भन्ने हो ।

कर्मचारीतन्त्रमा उठेको वरिष्ठताको विवाद स्वभाविक पनि रहेछ । हामीले सुक्ष्म रूपले हेर्ने हो भने हाम्रो सामाजिक संरचनामा पनि वरिष्ठ (उमेरले जेठा) लाई सम्मान गर्ने, उसले भनेको मान्ने प्रचलन पाइन्छ । कर्मचारीहरूमा पनि वरिष्ठताले पदको वरिष्ठ र पदमा वरिष्ठ नभए उक्त पदमा सेवा प्रवेश र त्यो पनि समान भए उमेरकै समेत वरिष्ठता मान्ने प्रचलन पाइन्छ । निजी तथा गैरसकारी संस्थामा पनि वरिष्ठताको पद्धति अवलम्बन गरेको देखिन्छ । पत्रकारहरूकै बीचमा पनि पत्रकार महासंघको सदस्यता लिएकोलाई वरिष्ठताको आधार मानिन्छ ।

काममा कसले खटाउने अथवा निर्देशन कसले दिने, कामको मूल्याङ्कन कसले गर्ने, कुनै पनि कर्मचारीले आफ्नो कामको रिपोटिङ कसलाई गर्ने, कुनै कुरा सोध्नु पर्दा कसलाई सोध्ने भन्ने हुन्छ । यस्तो सवालमा समान तहको अथवा तल्लो तहकाले माथिल्लो तहका र आफूँभन्दा वरिष्ठलाई सोध्ने, रिपोटिङ गर्ने प्रचलन हुन्छ । तर हालका दिनमा देखिएका विवादले सरकारले कुनै एक सेवाका सेवामा कार्यरत कर्मचारी र स्रोतव्यक्ति स्थानीय निकायमा खर्टिदै छन् तर ती कर्मचारीबाट मात्र यी सबै कामका लागि जनशक्ति पर्याप्त हुँदैन् ।

स्थानीय सरकारले शिक्षाको व्यवस्थापका लागि कर्मचारी व्यवस्थापन गर्दा निम्न कुरामा ध्यान दिनु आवश्यक छ ।

(क) सम्बन्धीत स्थानीय निकायमा कति विद्यालय छन् ?

**स्थानीय सरकाका पदाधिकारी चनाखो हुनुपर्ने विषय भनेको ती वरिष्ठ कर्मचारीहरुले कनिष्ठ प्रमुखले भनेको मान्लान ? उसलाई रिपोटिङ गर्लान ? उसको निर्देशनमा चल्लान ? के कनिष्ठले वरिष्ठ कर्मचारीको विदा स्वीकृत गर्ने, कार्यसम्पादन मूल्याङ्कन गर्ने, दण्डित गर्ने, पुरस्कृत गर्ने, कामका लागि उत्प्रेरीत गर्ने, समन्वय गर्ने, परिचालन गर्ने संभव छ ?**

◆◆◆

**स्थानीय सरकारका पदाधिकारीहरु सबै राजनीतिक दलबाट चुनाव जितेर जनताका प्रतिनिधि बन्नुभएको छ ? तपाईँहरुले चुनावको लागि टिकट पाउँदा पनि दलमा वरिष्ठतालाई हेरिएको थियो । सरकारले एकजना कनिष्ठ सचिवलाई मुख्य सचिव बनाउँदा अन्य आधा दर्जन सचिवले पदबाट राजीनामा दिएका थिए । प्रचण्ड सरकारका पालमा दुई उपप्रधानमन्त्रीकाबीचको वरिष्ठताको विवाद त विर्सिएका छैनौं ।**

◆◆◆

**यस सन्दर्भमा स्थानीय सरकारका पदाधिकारीहरु के कुरामा सावधान वा चनाखो हुनु जरूरी छ भने केन्द्र सरकारले यसरी मनपरी गरी स्वार्थपूर्ण वा पद्धति नबनाई पठाउने कर्मचारी कति सक्षम छन् ? उनीहरुले स्थानीय सरकारलाई कसरी बुझ्दछन् ? सेवाग्राहीप्रति कस्तो व्यवहार गर्छन् ? उनीहरुका पेसागत, व्यक्तिगत तथा अन्य विविध पक्षले कार्यसम्पादनमा प्रभाव पर्छ ।**

कर्मचारीलाई मात्र स्थानीय निकायको प्रशासकीय प्रमुख बनाउने र अन्य सेवाका सबै उसकै मातहत राख्न खोजेको अवस्था छ ।

यो सन्दर्भमा स्थानीय सरकाका पदाधिकारी चनाखो हुनुपर्ने विषय भनेको ती वरिष्ठ कर्मचारीहरूले कनिष्ठ प्रमुखले भनेको मान्लान ? उसलाई रिपोटिङ गर्लान ? उसको निर्देशनमा चल्लान ? के कनिष्ठले वरिष्ठ कर्मचारीको विदा स्वीकृत गर्ने, कार्यसम्पादन मूल्याङ्कन गर्ने, दण्डित गर्ने, पुरस्कृत गर्ने, कामका लागि उत्प्रेरीत गर्ने, समन्वय गर्ने, परिचालन गर्ने संभव छ ?

स्थानीय सरकारका पदाधिकारीहरु सबै राजनीतिक दलबाट चुनाव जितेर जनताका प्रतिनिधि बन्नुभएको छ ? तपाईँहरूले चुनावको लागि टिकट पाउँदा पनि दलमा वरिष्ठतालाई हेरिएको थियो । सरकारले एकजना कनिष्ठ सचिवलाई मुख्य सचिव बनाउँदा अन्य आधा दर्जन सचिवले पदबाट राजीनामा दिएका थिए । प्रचण्ड सरकारका पालमा दुई उपप्रधानमन्त्रीकाबीचको वरिष्ठताको विवाद त विर्सिएका छैनौं ।

यस सन्दर्भमा स्थानीय सरकारका पदाधिकारीहरु के कुरामा सावधान वा चनाखो हुनु जरूरी छ भने केन्द्र सरकारले यसरी मनपरी गरी स्वार्थपूर्ण वा पद्धति नबनाई पठाउने कर्मचारी कति सक्षम छन् ? उनीहरूले स्थानीय सरकारलाई कसरी बुझ्दछन् ? सेवाग्राहीप्रति कस्तो व्यवहार गर्छन् ? उनीहरूका पेसागत, व्यक्तिगत तथा अन्य विविध पक्षले कार्यसम्पादनमा प्रभाव पर्छ ।

स्थानीय सरकारका लागि शिक्षाका तोकिएका कामहरु गर्नका लागि कर्मचारी आवश्यक पर्छ । शिक्षा मेडिकल, इन्जिनयरिङजस्तो प्राविधिक विषय त होइन तर यो विभिन्न प्रकारका सिफारिस बनाउने वा कागजात हेरेर नागरिकता दिने, प्रशासनिक प्रक्रिया पूरा गरेर कुनै सामान खरिद गर्ने वा कुनै फर्मलाई कुनै काम लगाएर भुक्तानि दिनेजस्तो पनि होइन् । यसमा समाहित हुने पाठ्यक्रम, परीक्षा, शिक्षक तालिम (विषयगत), सिकाइ उपलब्धि परीक्षण जस्ता कामका लागि भने यससम्बन्धी ज्ञान भएको कर्मचारी आवश्यक पर्छ । यसका लागि हाल शिक्षा

(ख) स्थानीय सरकारले स्थानीय स्तरमा ऐच्छिक विषयको पाठ्यक्रम के गर्ने हो ? स्थानीय अनुकूल पाठ्यक्रम तयार गर्ने हो वा केन्द्रबाट निर्मित प्रयोग गर्ने हो ? कोर विषयको पाठ्यक्रमको कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउने ?

(ग) स्थानीय सरकारको शिक्षक तालिमको नीति के हो ? यसलाई संघीय सरकारको जिम्मा छोड्ने हो वा शिक्षकलाई तालिम दिने हो ? तालिम विषयगत रूपमा दिने हो वा सामान्य पेडागोजी मात्र ?

(घ) परीक्षाका लागि कस्तो संयन्त्र बनाउने ? परीक्षा कसरी सञ्चालन गर्नृ ? प्रमाणीकरण कसर ी गर्ने ?

(ङ) प्राथमिक तहको सिकाइ उपलब्धि परीक्षण कति वर्षको अन्तरमा कुन कुन विषयमा कसरी सञ्चालन गर्ने ?

(च) सामुदायिक विद्यालयको अनुगमन कसले गर्ने ? कसरी गर्ने ? अनुगमन प्रशासनिक मात्र गर्ने कि शैक्षिक पनि ?

(छ) पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीको सम्बन्धमा के हो ?

(ज) शिक्षकको व्यवस्थापन (नियुक्ति, सरूवा, बढुवा, दण्ड पुरस्कार) कसरी गर्ने हो ?

सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्ने अवसर लाई सदुपयोग गर्न यस्ता आधारभूत पक्षमा ध्यान दिई शिक्षाको व्यवस्थापन गर्नु आवश्यक छ । यसका लागि स्थानीय सरकारले आ□ना लागि कस्तो जनशक्ति आवश्यक पर्छ निर्क्यौल गरी केन्द्र सरकारसँग माग गर्ने वा नयाँ व्यवस्थापन गर्ने वा कार्यरत शिक्षकहरूको विज्ञ समूह बनाई विद्यालयमा पठनपाठनमा कुनै प्रभाव नपर्ने गरी काम गर्नुपर्छ ।

कर्मचारी भनेका सरकारका ऐना हुन । कुनै पनि देशको कर्मचारीतन्त्रभन्दा सरकार प्रभावकारी हुँदैन भन्ने मान्यता रहेको छ । यसै अनुसार कर्मचारी व्यवस्थापन गर्न सके सिंहदरबार साच्चिकै गाउँमा पुगेको हुनेछ । स्थानीय सरकारहरु साच्चिकै जनताको सरकार हुनेछन् । सामुदायिक शिक्षाले अभिभावकको मन जित्न सफल हुनेछ ।

# भुकम्पपीडितको गुनासो सम्बोधन गर्न फेरी खटिए प्राविधिक

◆ विकास समाचारदाता

विनासकारी भूकम्प गएको करिब साँढे दुईवर्षपछि मकवानपुरमा लाभग्राहीको सूचीमा नपरेका भूकम्पपीडितहरूको घर पुनः अनुगमन शुरू गरिएको छ । यसका लागि जिल्लामा ४८ जना इन्जिनियरले भूकम्पपीडितको घर अनुगमन गरिरहेका छन् । भूकम्पको क्षति परीक्षणमा गम्भीर गल्ती भएको भन्दै उजुरी आउने क्रम नरोकिएपछि सरकारले पुन परिक्षणको लागि अति प्रभावित १४ जिल्लामा इन्जिनियरहरू खटाउने निर्णय गरेको हो ।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका अनुसार अति प्रभावित १४ जिल्लामा खटिने इन्जिनियर लाई तीन समूह बनाएर राजधानीमा तीन दिनको प्रशिक्षण दिइएको थियो । इन्जिनियरले प्राधिकरण केन्द्रमा दर्ता भएका करिब एक लाख २८ हजार वटा गुनासा पुनः सर्वेक्षण गर्नेछन् । गुनासा फर्स्योट भएर लाभग्राही तथा प्रवलीकरणको सूचीमा परेका घर धुरीको भने पुनः सर्वेक्षण हुनेछैन । प्राधिकरणको केन्द्रीय कार्यालयमा दर्ता भएका दुई लाख सात हजार आठ ६१ गुनासामध्ये ३९ हजार ९७ लाभग्राही सूचीमा परेका छन् भने १३ हजार ५६५ प्रवलीकरण सूचीमा परेको प्रवक्ता यमलाल भुसालले जानकारी दिए ।

जिपिएस प्रविधिमा आधारित भएर ट्याब्लेटमार्फत गरिने पुनः सर्वेक्षणमा इन्जिनियरले संकलन गरेका तथ्यांक सिधै केन्द्रीय सर्भरमा जम्मा हुनेछन् । भूकम्प अति प्रभावित १४ जिल्लामा छुट तथा पुनः सर्वेक्षणका लागि ३३२ इन्जिनियर खटिएका छन् । दोलखामा २७, गोरखामा २८, नुवाकोटमा १६, रामेछापमा २४, र सुवामा चार, धादिङमा २९, सिन्धुपाल्चोकमा १२, काभ्रेपलाञ्चोकमा ४१, ओखलढुंगामा १६, सिन्धुलीमा ६०, मकवानपुरमा ४८, काठमाडौंमा ११, ललितपुरमा आठ र भक्तपुरमा सातजना इन्जिनियर खटाइएको प्राधिकरणले जनाएको छ । पुनः सर्वेक्षण भदौ ३१ सम्म सक्ने प्राधिकरणको लक्ष्य छ ।

## थपिएका गुनासो पनि प्राविधिकले हेर्नुपर्ने

भुकम्पपीडितको गुनासो केन्द्रमा पठाउन छुटेका तर आ–आफ्नो स्थानीय तहमा गुनासो गरेका पीडितहरूको घर पुनः अनुगमन गरिने भएको छ । घर परीक्षणका लागि पीडितले गुनासो फाराम भने भर्नै पर्नेछ । अहिले घर निरीक्षणका लागि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट इन्जिनियरहरु खटिसकेका छन् । यसका लागि थाहा नगरपालिकामा पाँच जना प्राविधिक खटिएका छन् ।

स्थानीयतहमा पेश भएको गुनासोहरूको विषयमा वडा स्तरीय गुनासो व्यवस्थापन समितिले पुनः अनुगमन गर्न आवश्यक ठानेर गुनासो फछ्र्यौट गरी सुनुवाई गरे पश्चात् मात्र प्राविधिकहरूले घर परीक्षण गर्नेछन् ।

पहिले नै गुनासो सम्बोधन भएका पीडितहरूको भने घर परीक्षण निरीक्षण नहुने प्राधिकरणले जनाएको छ ।

# मालपोतमा पुँजीगत लाभकर माथि चलखेल



काठमाडौं उपत्यकासहित विभिन्न जिल्लाका मालपोत कार्यालयहरूले घर जग्गा दर्ता (रजिस्ट्रेसन) गर्दा करोडौं राजस्व हिनामिना गरेको खुलासा भएको छ । भूमिसुधार तथा व्यवस्था मन्त्रालयले विभिन्न मालपोत कार्यालयमा यससम्बन्धी छानबिन थालेको थियो ।

छानबिनका क्रममा पुँजीगत लाभकर उठाउँदा साढे दुई करोड रूपैयाँभन्दा बढी छुट दिएर हिनामिना गरेको देखिएपछि मन्त्रालयले त्यससम्बन्धी सम्पूर्ण फाइल अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको छ । गत आर्थिक वर्ष देशभरबाट २७ अर्ब रूपैयाँ राजस्व संकलन भएको थियो । त्यसमध्ये पुँजीगत लाभकरबाट ४ अर्ब ६२ करोड मात्र उठेको थियो । मन्त्रालयले पुँजीगत लाभकर बढी उठ्नुपर्नेमा कम भएपछि अनियमितता भएको आशंका गर्दै छानबिन थालेको हो ।

***के हो पुँजीगत लाभकर ?***

३० लाख वा सोभन्दा बढीको कारोबारमा पुँजीगत लाभकर तिर्नुपर्छ । यो घरजग्गा विक्रेता तथा व्यवसायीले सरकारलाई नाफाबापत तिर्नुपर्ने कर हो । व्यवसायी तथा विक्रेता आफूले घर जग्गा किनेको पाँच वर्षभित्र बिक्री गरेको अवस्थामा कुल फाइदाको ५ प्रतिशत र कम राजस्वस्वरूप तिर्नुपर्छ । घरजग्गा किनेको पाँच वर्षपछि बिक्री गरे फाइदाको २५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ ।

***यसरी हुन्छ अनियमितता ?***

नियमानुसार ५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने कानुनी व्यवस्थालाई बेवास्ता गर्दै मालपोतका कर्मचारीले विक्रेतासँगको मिलेमतोमा २५ प्रतिशत मात्र लिने गरेका छन् । किनेको पाँच वर्ष नपुग्दै घरजग्गा बिक्री गर्ने व्यवसायीबाट कुल नाफाको ५ प्रतिशत राजस्व लिनुपर्नेमा २५ प्रतिशत मात्र लिएको पाइएको छ, जुन सरासर अनियमितता हो । भूमिसुधार तथा व्यवस्था मन्त्रालका सचिव कृष्णप्रसाद देवकोटले पनि ५ प्रतिशत रकम लिन छाडेर २५ प्रतिशत मात्र लिएको सूचना प्राप्त भएकाले छानबिन थालेको जानकारी दिए ।

यसका साथै विक्रेताले क्रेतासँग मिलेर कम मूल्यमा बिक्री गरेको बहाना बनाउने गरेका छन् भने नापी र मालपोतका कर्मचारीसँगको मिलेमतोमा कम मूल्यांकन गराउने र कम मूल्यांकन गराएर कम राजस्व तिर्ने गरेका छन् । मालपोत कार्यालयमा यसअघि घरजग्गा किनबेच गर्दाको मूल्य रहेको कागजातसमेत लुकाउने गरेको पाइएको छ । त्यस्ता कागजात लुकाएर बढी तिर्नुपर्ने पुँजीगत लाभकर हचुवामा कम तिराउने गरेको छानबिनले देखाएको छ ।

# सन्तोषी वनकरियाको पढाइमा स्वर्णिमले सहयोग गर्ने

◆ विकास समाचारदाता

लोपोन्मुख वनकरिया समुदायकी एक छात्रालाई कृषि प्राविधिक विषय पढाउने दाता भेटिएको छ ।

आर्थिक अभावका कारण प्राविधिक स्कुल भर्ना हुन नपाएकी हाँडीखोलाकी सन्तोषी वनकरियालाई भर्ना गर्न र पढ्न लाग्ने खर्च काठमाडौंको स्वर्णिम एण्ड सिर्जन फाउण्डेसनले उपलब्ध गराउने भएको हो ।

फाउण्डेसनले रोटरी क्लब अफ मकवानपुरमार्फत सहयोग नै भएको छ । फाउण्डेसनका अध्यक्ष सुरेन्द्र श्रेष्ठले वनकरिया छात्रालाई आर्थिक अभावमा पढ्न समस्या भएको समाचार पढेपछि रोटरी क्लब मकवानपुरमार्फत सहयोगको प्रतिवद्धता जनाएका हुन् । स्थानीय विद्यालयबाट एसईई उत्तीर्ण गरेकी सन्तोषीले हेटौडा उपमहानगरपालिका ६ चिसापानीस्थित जनप्रिय प्राविधीक विद्यालयमा १८ महिने जेटिए पढ्न नाम निकालेकी थिइन् । आर्थिक अभावका कारण उनी भर्ना हुन सकेकी थिइनन् ।

जेटिए पढ्नको निम्ती ७५ हजार रूपैयाँ शुल्क तिर्नुपर्छ । उक्त शुल्क २ किस्तामा फाउण्डेसनले रोटरी क्लबमार्फत उपलब्ध गराउने अध्यक्ष श्रेष्ठले बताए । पहिलो किस्ता साढे ३७ हजार रूपैयाँ विद्यालयलाई उपलब्ध गराइसकेको छ । वनकरिया समुदायबाट एसईई उत्तीर्ण गर्ने उनी दोस्रो छात्रा हुन् ।

# बाढीपीडित सुत्केरीलाई सिविनको सहयोग

◆ विकास समाचारदाता

सिविन बालहेल्पलाइन हेटौडाले मकवानपुरको बकैया गाउँपालिका, मनहरी गाउँपालिका र बाराको कलैया नगरपालिकाका बाढीपीडित परिवारका बालबालिका र सुत्केरीलाई सहयोग गरेको छ ।

बकैया गाउँपालिकाका ५० जना र मनहरी गाउँपालिका ५० जना बालबालिका र बाराको कलैया नगरपालिका–४ भवँराका ३० जना सुत्केरी महिलालाई राहत सामग्री वितरण गरेको बाल हेल्पलाइन नेपाल मकवानपुरका संयोजक भविन्द्र ज्ञवालीले जानकारी दिए ।

बालबालिकाका लागि कापी, कलम, झोला, ज्यामिती बक्स, साबुन, ब्रस, मन्जन, भुल, म्याट र सुत्केरी महिलाहरूको लागि भुल, म्याट, ब्ल्याङ्केट, म्याक्सी, तेल, साबुन साथै नवजात शिशुको लागि दौरासुरुवाल सेट र सर्वोत्तम पिठो लगायतका सामाग्रीहरू वितरण गरिएको थियो । बकैया गाउँपालिकामा गाउँपालिकाका अध्यक्ष दामोदर खनालको उपस्थितिमा सहयोग सामग्री वितरण गरिएको हो । बकैया गाउँपालिकामा सञ्चार तथा यातायात सुचारू हुन नसक्दा बाढीपीडितको वास्तविक विवरण आउन नसकेको गाउँपालिका अध्यक्ष खनालले बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सरला बोलखे, वडा अध्यक्षहरू दिलबहादुर भोम्जन, राजन दंगाल, जिल्ला बालकल्याण समिति मकवानपुरका सुचना अधिकृत रवि हमाल, छतिवन रेडक्रस सोसाइटीका सभापति हरिहर खनाल, सिविन बाल हेल्पलाइनका भविन्द्र ज्ञवाली, सम्झना अधिकारीको सहभागिता रहेको थियो । बकैया गाउँपालिकामा प्रारम्भिक तथ्याङ्क अनुसार २ सय बालबालिका बाढिबाट प्रत्यक्ष प्रभावित भएको गाउँपालिकाका उपाध्यक्ष सरला बोँलखेले जानकारी । मनहरी गाउँपालिका–४, हाँडीखोलाका बालबालिकालाई गाउँपालिकाकी उपाध्यक्ष मनिला विष्टको उपस्थितिमा राहत सामग्री वितरण गरिएको थियो ।

मनहरी गाउँपालिकामा प्रारम्भिक तथ्याङ्क अनुसार ५ सय बालबालिका बाढिबाट प्रत्यक्ष प्रभावित भएको गाउँपालिकाकी उपाध्यक्ष मनिला विष्टले जानकारी दिइन् बाराको कलैया नगरपालिकाका २५ घर पुरै बगाएको र पीडितहरूले नजिकको नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा बस्दै आएका छन् । उनीहरूको अवस्था निकै दयनीय रहेको बारा जिल्लाका मुख महिला विकास अधिकृत अन्जु ढुंगानाले जानकारी दिइन् । ३० जना सुत्केरी महिलालाई संरक्षण नेपालको समन्वयमा बालहेल्पलाइनले सहयोग सामाग्रीहरू वितरण गरेको छ ।

x]6f}+8f pkdxfgu/sf] ah]6M

# पूर्वाधार विकासतर्फ ३९ करोड ८९ लाख ४५ हजार
# सामाजिक विकास कार्यक्रममा ३३ करोड ३९ लाख १९ हजार

◆ विकास समाचारदाता

हेटौडा उपमहानगरपालिकाको बजेट एक अर्ब ३० करोड २१ लाख ७८ हजार रूपैयाँ पारित भएको छ । ६ भदौमा बसेको प्रथम नगरसभाले उपमहानगरपालिकाकी उपप्रमुख मिना कुमारी लामाद्वारा प्रस्तुत वार्षिक बजेट, नीति तथा कार्यक्रम पारित गरेको हो ।

बजेटमा पूँजीगततर्फ कूल ९६ करोड ७३ लाख छ हजार रूपियाँ बिनियोजन गरिएको छ भने चालु खर्चतर्फ ३३ करोड दुई लाख ७२ हजार रूपियाँ छुट्याइएको छ ।

चालु खर्चतर्फ कर्मचारीको तलबको लागि ८ करोड २८ लाख २९ हजार रूपियाँ छुट्याइएको छ । पूँजीगत खर्चतर्फ सबैभन्दा धेरै रकम पूर्वाधार विकासमा लगाइने उल्लेख छ । पूर्वाधार विकासतर्फ ३९ करोड ८९ लाख ४५ हजार रूपियाँ बजेट छुट्याइएको छ । सामाजिक विकास कार्यक्रमको लागि कूल ३३ करोड ३९ लाख १९ हजार रकम खर्चने लक्ष्य राखिएको छ ।

शिक्षामा २७ करोड ७७ लाख ७१ हजार रूपियाँ छुट्याइएको छ । त्यसैगरी, स्वास्थ्यमा ६ करोड १४ लाख रूपियाँ बिनियोजन गरिएको छ । स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल निर्माणको लागि २३ करोड ५२ लाख ८४ हजार रूपियाँ बजेट बिनियोजन गरिएको छ । आर्थिक विकासअन्तर्गत, कृषि र पशुपालनलाई प्राथमिकताका साथ बजेट बिनियोजन गरिएको छ ।

कृषिमा यो वर्ष १० करोड २३ लाख ६९ हजार रूपियाँ खर्चिने भएको छ भने पशु विकासको क्षेत्रमा ११ करोड ४० लाख रूपियाँ खर्चिइने पारित बजेटमा उल्लेख छ । वातारण तथा विपद् व्यवस्थापनको लागि २५ करोड ५३ लाख २१ हजार रूपियाँ बिनियोजन गरिएको उपप्रमुख लामाले प्रस्तुत गरेको बजेट वक्तव्यमा उल्लेख छ ।

*शिक्षामा २७ करोड ७७ लाख ७१ हजार रूपियाँ स्वास्थ्यमा ६ करोड १४ लाख*

# हेटौंडाका जनप्रतिनिधीले सेवासुविधा नलिने

◆ विकास समाचारदाता

हेटौडा उपमहानगरपालिकाको प्रथम नगरसभामा प्रस्तुत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी प्रस्ताव सभाबाट पास नभएपछि सेवा सुविधा नलिने पक्का भएको छ । सभामा प्रस्तुत गरिएको नगर प्रमुखको ४५ हजार, उपप्रमुखको ३५ हजार, वडा अध्यक्षको ३० हजार, नगर कार्यपालिका सदस्यहरूको २५ हजार रूपियाँ मासिक पारिश्रमिक तथा वडा सदस्यहरूको सञ्चार तथा यातायात खर्चवापत एकमुष्ट मासिक पाँच हजार रूपियाँमा नगर सभामा प्रस्चमव गरिएको थियो । प्रस्तावका विषयमा वडा सदस्यहरूले अस्वीकार गरेपछि नगर प्रमुख हरि बहादुर महतले पछि केन्द्रीयरूपमै निर्णय भएपछि निर्णयार्थ पेश गर्ने गरी उक्त प्रस्ताव फिर्ता लिएका हुन् ।

नगरसभामा प्रस्ताव पेश भएसँगै नगरसभा सदस्यहरूले आफूसरह निर्वाचित वडा सदस्यहरूले नगर कार्यपालिका सदस्यमा मनोनित हुँदा बढी सुविधा पाउने तर, आफूहरूको भने जिम्मेवारी नै नभए जसरी सुविधा कम पाउनु अस्वाभाविक हुने तथा वडा अध्यक्ष जस्ते सदस्यले पनि वडामा काम गरिरहेकोले सुविधा पुनरावलोकन हुनुपर्ने माग गरेका थिए ।

# थाहानगरमा लघुउद्यम कोष नै स्थापना गरिने

◆ अच्युत विडारी

थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टले आगामि आर्थिक वर्षबाट नगरमा नै उद्यम विकास कोषको स्थापना नै गरेर अघि बढ्ने बताएकाछन् ।

नगरबासीको आर्थिक स्तर उकास्नको लागि लघु एद्यम प्रभावकारी हुने भएकोले यसका लागि नगरपालिका आफै अग्रसर हुने औल्याएका हुन् । थाहानगरको विकास घरमा भएको स्थानीय तहमा गरिबी निवारण तथा रोजगार सृजनाको लागि आवधिक योजना नै बनाएर कार्यान्वयनमा लैजान सके राजधानीबाट नजिक रहेको थाहामा लघु उद्यमको क्षेत्रमा ठूलो फड्को मार्न सकिने लघु उद्यम विकास कार्यत्रमका मेघराज आचार्यले बताए । दैनिक पन्ध्रसय भन्दा बढि युवाहरू वैदेशिक रोजगारमा विदेशिरहेको अवस्थामा लघु उद्यम कार्यत्रमले स्वरोजगारको शुरूवात हुने आचार्यले बताए । थाहामा उद्यमशीलताको थुप्रै स्रोतहरू भएकोले काम गर्न सकिने उनले बताए । स्थानीय तहको योजना तर्जुमाका विभिन्न सात चरणमा योजना



लघु उद्यम विकास मोडल सम्बन्धी कार्यक्रममा प्रमुख विष्टले यस्तो बताएका हुन् ।

कार्यक्रमको अवसरमा नगरपालिकाको अर्थतन्त्र बलियो बनाउनको लागि उद्यमशिलताको विकास गर्नुपर्ने उद्योग मन्त्रालय अन्तर्गतको लघु उद्यम विकास कार्यक्रमका प्रमुख प्राविधिक सल्लाहकार डाक्टर लक्ष्मण पुनले बताए । यसका लागि थाहा नगरपालिकामा उद्यम विकास शाखा स्थापना गरेर अघि बढ्न सुझाए । डाक्टर पुनले नगरपालिकाको प्रत्येक वडाको स्रोत सर्भेक्षण गर्नुपर्ने औल्याए । 'नगरपालिकाको कुन वडामा कुन किसिमको उद्यम गर्न सकिन्छ भन्ने थाहा पाएपछि मात्र थाहामा उद्यमशिलताको विकास गर्न सकिन्छ'–उनले भने । 'उद्यमशील स्रोत सर्भेक्षणको लागि तपाइहरू तयार रहनुस् हामी प्राविधिक सहयोग गर्छौं डाक्टर पुनको भनाइ थियो । उद्यमशीलतालाई तर्जुमा गर्दा उमशीलतालाई कसरी समावेश गर्न सकिन्छ भन्ने कुरालाई आफुहरू मन्त्रालयले सहयोग गर्ने उनको प्रतिवद्धता थियो । नेपालमा लघु उद्यमबाटै ३ लाख ४२ हजार ५७८ व्यक्ति प्रत्येक्ष रोजगर भइरहेको बताउँदै लघु उद्यमका लागि थाहानगर ठूलो संभावनाको क्षेत्र भएको उल्लेख गरे ।

कार्यक्रममा लघु उद्यम विकास कार्यक्रम हेटौंडाकी प्रबन्धक सबिता कोइर ाला, सहयोग विशेषज्ञ दिपक सुवेदी, जिल्ला लघु उद्यमी संघका सचिव रूबेन रानामगर, उद्यम विकास सहजकर्ता विकास श्रेष्ठको उपस्थिती रहेको थियो । थाहा नगरपालिकाका उपमेयर खड्ग बहादुर गोपाली, कार्यकारी अधिकृत जीवन प्रसाद आचार्य वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू लगायतको सहभागिता रहेको कार्यक्रममा सहभागीहरूले लघु उद्यम सम्बन्धी छलफल गरेका थिए ।

**तपाई अध्ययनसगै सीप सिक्न चाहनुहुन्छ ? हामी सिकाउँछौं मिडिया सम्बन्धी सीप ।**

-रेडियो पत्रकारिता
-छापा पत्रकारिता र,
-अनलाईन पत्रकारिता

**थप जानकारीका लागिः**
**९८०७२९५०७२**

# तिजः हर्षोल्लासका साथ मनाइयो

◆ विकास समाचारदाता

हिन्दु महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा थाहानगरमा सामुहिक रूपमा विभन्न साँस्कृतिक कार्यक्रम आयोजना गरेर बनाइएको छ । थाहानगरको पाण्डुकेश्वर महादेव मन्दिर र गोरखनाथ मन्दिरमा दुई भिन्दा भिन्दे कार्यक्रमको आयोजना गरी तिजलाई उल्लासमय रूपमा मनाइएको छ ।

हरितालिका तीज ८ भदौमा विशेष साँस्कृतिक कार्यक्रमका साथ मनाइएको हो । थाहानगरका विभिन्न महादेव मन्दिरहरूमा दर्शन गरेपछि महिलाहरू साँस्कृतिक कार्यक्रममा सहभागी भएर छमछमी नाचेका थिए । थाहा नगरपालिका वडा नम्बर ३ को गोरखनाथ मन्दिर र थाहा–२ को पाण्डुकेश्वर मन्दिरमा तीज बिशेष सास्कृतिक कार्यक्रम भएको थियो । तीजको दिन नारीहरूले आफनो श्रीमान्को दिर्घायु तथा सुस्वास्थ्य कामना गर्दै मन्दिरहरूमा दर्शन गर्न जानेहरूको ८ भदौ विहानैबाट भेला भएर पुजाआजा गरेका थिए । गोरखनाथ संरक्षण युवा समितिका आयोजना, बागेश्वरी युवा क्लव र थाहा कला केन्द्रको सहयोगमा सास्कृतिक कार्यक्रमको आयोजना भएको थियो ।



*पाण्डुकेश्वरमा भएको साँस्कृतिक कार्यक्रम उद्घाटन गर्दै थाहा नगर उपप्रमुख खड्ग गोपाली*

कार्यक्रममा स्थानीय लोकगायक रूपचन्द्र सापकोटा, मुक्तिनाथ उप्रेती र थाहा कला केन्द्रका कलाकारहरूको प्रस्तुतिहरू रहेको थियो । स्थानीय गायकहर को गितमा मनिदर पुगेका भक्तजनहरू रमाएका थिए ।



*गोरखनाथ मन्दिरमा भएको साँस्कृतिक कार्यक्रममा थाहा कला केन्द्रका कलाकारहरू ।*

यस्तै लियो क्लव अफ पिस थाहा र पाण्डुकेश्वर क्षेत्र विकास समितिको संयुक्त आयोजनामा पाण्डुकेश्वर मन्दिर परिसरमा तीज विशेष साँस्कृति कार्यक्रम गरिएको छ । थाहा नगरपालिकाका उपप्रमुख खड्ग गोपालीको प्रमुख आतिथ्यमा भएको कार्यत्र दीप प्रज्वलन गरेर सास्कृतिक कार्यक्रमको उद्घाटन गरिएको थियो । कार्यक्रममा लायन्स क्लव अफ पिस थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधानले हरितालिका तीजको अवसरमा महिलाहरूलाई शुभकामना दिए ।

पाण्डुकेश्वर मन्दिर परिसरमा भएका तीज बिशेष साँस्कृतिक कार्यक्रममा लोक गायक जीवन परियार, मुक्तिनाथ उप्रेती, थाहा कलाकला केन्द्र र स्थानीय कलाकारहरूको प्रस्तुति रहेको थियो ।

दुबै स्थानमा भएको कार्यक्रममा महिलाहरूको उपस्थिति खचाखच थियो । पाण्डुकेश्वरको कार्यक्रम लियो क्लब अफ पिस थाहानगरका अध्यक्ष अनित विष्टको सभाध्यक्षतामा भएको थियो । कार्यक्रमलाई सफल बनाउनको लागि सहयोग गर्ने व्यक्ति तथा संस्थालाई लियोक्लबले मायाको चिनो सहित प्रशंसापत्र दिएको थियो । कार्यक्रमको अफिसियल मिडिया **विकास** खबरपत्रिका, विकासखबर डटकम लगायतका संचारमाध्यम रहेका थिए ।

# 'नानी बिरुवा' हुर्काउन स्थानीय तयार

◆ विकास समाचारदाता

थाहा नगरपालिका वडा नम्बर १० मा गरिएको नानी वृक्षारोपनका विरूवा हुर्काउन स्थानीयहरू जागरूप भएका छन् ।

रोटरी क्लब अफ मकवानपुर र रोट्र्याक्ट क्लब अफ मकवानपुरको संयुक्त आयोजनामा थाहा १० मा नानी वृक्षरोपण गरिएको थियो ।

रोटरी क्लब अफ मकवानपुरले थाहा नगरपालिकामा हरियाली बनाउन सडकको दुबै छेउमा धुपीको एकसय वटा वृक्षरोपण गरेको अधिकांश विरूवा सरेको छ ।

थाहा नगरपालिकाका मेयर लवशेर विष्टले रोटरीले नयाँ कामको सुरूवात गरेकोमा धन्यवाद दिए । रोटरीले सुरू गरेको नानी वृक्षरोपण अवधारणालाई निरन्तरता दिन समेत आग्रह गरे । नगरपालिकाले नगरका विभिन्न स्थानमा निर्माण भएको सडकको दायाँबाँया पनि विरूवा रोप्ने नीति लिएको छ ।

**रोजगार हुने अवसर !**

कम्प्युटरमा पेजमेकर चलाउन सक्ने नेपाली टाइप गर्न सक्ने डिजाइनमा रुची भएका इमान्दार युवा युवतीलाई स्वरोजगार हुने अवसर छ ।

**सम्पर्कः**
**९८४५०६८०७०**



**अनलाईनबाटै**

**गाउँघरका खबर, अब विश्वभर**

**www.bikaskhabar.com**

nucg ug'{xf];\ .

*'तपाई जहाँ, विकासखबर त्यहाँ'*
दैनिक कुर्नै पर्दैन
पलपलको खबर....

*विकासखबर डट.कम.*
*इमेलः*
bikaskhabar@gmail.com



# "सबैसंगको सहकार्यमा नमुना वडा बनाएर देखाउँछु"

'चित्लाङमा सीमित व्यक्तिहरुको संजाल र तिनका निर्णयले सिमित व्यक्तिहरुको मात्रै हित भइरहेको छ । पर्यटन विकास गर्छु भन्नेहरुबाटै पर्यटन व्यवशायमा विकृति ल्याई राम्रा पर्यटन व्यवशायलाई धारासायी बनाउँदैछन् । यी यावत कुरालाई आत्मसात गर्दै चित्लाङको पर्यटन विकासको लागि अब वैधानिक पर्यटन प्रवर्द्धन तथा विकास समिति गठन गर्ने प्रयत्नमा छु ।'

## विकास–बहस

**अध्यक्षः परशुराम श्रेष्ठ**

**थाहा नगरपालिका वडा नं. -९**

थाहा नगरपालिकाको बजेट विनियोजन पश्चात् हरेक वडाहरुमा कार्यानवयनको चरण रहेको छ । अहिले नगरपालिकाका प्राविधिकहरु वडाका योजनाहरु इस्टिमेटमा व्यस्थ छन् । यसपछि उपभोक्ता समिति गठन गरी विकास आयोजना कार्यान्वयनमा जानेछन् । वडालाई कुन रुपमा विकास गरिदै छ ? वडाका संचभावनाहरु के के छन् ? यिनै विषयमा केन्द्रित भएर यो साता हामीले **विकास-बहस**मा थाहा नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष **परशुराम श्रेष्ठ**संग **कुराकानी** गरेका छौं ।

●●●

***तपाई आफ्नो वडालाई कसरी परिचय गराउनुहुन्छ ?***

- मेरो वडा काठमाण्डौ नजिकैको वडा हो । मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा पर्ने ऐतिहाँसिक महत्व बोकेको पर्यटकीय वडा हो । नयाँ संरचना अनुसार साविक चित्लाङ गाविसको वडा न १, २, ३, ४, ५ र ८ लाई एकीकृत गरी बनाइएको थाहा नगरपालिका वडा नम्बर ९ हो । राजधानीबाट जम्मा १३ किलोमीटर दक्षिणी क्षेत्रमा र हेको छ । ऐतिहाँसिक चन्द्रागिरीको काखैमा रहेको छ मेरो वडा । रमणीय चित्लाङको पर्यटकीय संभावना बोकेको वडा हो । तराइबाट काठमाण्डौं भित्रिने पुरानो नाका पनि हो चित्लाङ । समग्रमा ऐतिहासिक तथा पर्यटकीय वडाको रूपमा म आफ्नो वडाको परिचय गराउन चहान्छु । 'कृषि, शिक्षा पर्यटन र पूर्वाधार, नगर सम्वृद्धिको आधार' भन्ने नारलाई साकार पार्न मेरो वडा अग्रपंक्तिको वडाको रूपमा खडा हुनेछौं ।

***वडास्तरको विकास गतिविधि कसरी संचालन भइरहेको छ ?***

लामो समयको अन्तरालपछि यहाँका वडाबासीहरूले जनप्रतिनिधि पाएका छन् । मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रको ढाँचा अनुरूपको स्थानीय तह पाएको छ । स्थानीय तहको निर्वाचन पश्चात् नयाँ र जुझारू जनप्रतिनीधिहरू जनताको सामु निर्वाचित भएर आएका छन् । विगतको तितो अनुभवको स्मरण गराउन चहान्छु,-म आफै सर्वदलिय संयन्त्र अन्तर्गत काम गरिरहँदा सो समय दलिय स्वार्थको हिसाबले काम भएको पाइयो । जसले गर्दा विकासको गतिविधि सुस्त गतिमा भएको थियो । बजेट विनियोजन अबैज्ञानिक तरिकाले हुन्थ्यो । पहिले बजेट धेरै छरिन्थ्यो । अहिले अब त्यस्तो हुँदैन यहि किसिमले काम भइरहेको छ ।

विगतमा भएको अभ्यासलाई अन्त्य गर्नुपर्छ भन्ने प्रणकासाथ म अघि बढि रहेको छु । यसका लागि सम्पूर्ण वडाबासीहरूको सहयोग माया प्राप्त गरी म स्थानीय तहको निर्वाचनमा वडा अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित भएपछि वडाको विकासको गतिविधिलाई अगाडि बढाउन तत्पर छु । वडाका सम्पूर्ण बुद्धिजीवी सरोकारवालाहरूसंग राय लिएर कृषि शिक्षा, स्वास्थ्य, सडक खानेपानी जस्ता क्षेत्रमा नवीन ढंगले विकास गतिविधि अघि बढाउने कोशिश गर्दैछु । म नमुना वडा बनाएर अरूसामु प्रस्तुत हुन्छु । फलस्वरप आर्थिक वर्ष २०७४/२०७५ को बजेट विनियोजन थाहानगरका वडाहरू मध्ये ९ नम्बर वडाको उत्कृष्ट भएको प्रशंसाले जनतामा नयाँ उत्साह थपिएको छ । वडाको बजेट कार्यान्वयनको लागि स्थलगत रूपमा अनुगमनको लागि उपभोक्ता समिति कानून संवत ढंगले गठन गरी कार्यान्वयनमा जाने योजना बनाएको छु ।

***तपाई वडा अध्यक्ष भएपछि शुरू गर्नु भएको नयाँ अभ्यास र जनताले त्यसबाट पाएको फाइदा के हुन ?***

-सर्वप्रथम त मलाई वडा अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित गराउनु हुन सम्पुर्ण वडाबासीप्रति हार्दिक आभार व्यक्त गर्दछु । अघि पनि भने मैले वडा अध्यक्ष हुनु अगावै सर्वदलिय संयन्त्रमा बसेर काम गरेको अनुभवले पनि मलाई जनताको काम गर्न सहज भएको छ । अध्यक्ष भइसकेपछि वडागत रूपमा सम्पुर्ण क्षेत्र कृषि, शिक्षा, पर्यटन, सडक आदिको सम्बन्धीत सरोकारवाला विज्ञहरूसंग राय सल्लाह लिइ गुरू योजना बनाउने पहलमा जुटेको छु । जुन गुरू योजनाले प्रत्येक वडाबासीलाई फाइदा पुग्नेछ । जस्तै कृषि आधुनिकीकरण, शिक्षामा स्थानीय तहको माग एवं आवश्यकता अनुकुल स्थानीय पाठ्यक्रम निर्माण गरी सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिमा विशेष ध्यान दिनेछु ।

***नगरपालिकाबाट आर्थिक वर्ष २०७४/०७५ को बजेटलाई कसरी कार्यान्वयन गर्दै हुनुहुन्छ ?***

- यसवर्ष थाहा नगरपालिकाको विनियोजित बजेट मध्ये उत्कृष्ट बजेटको रूपमा चर्चा पाइरहेको परिप्रेक्षमा विना विवादको वातावरण निर्माण गरी हाम्रोलाई नभनी राम्रोलाई प्राथमिकता दिई हरेक विकास निर्माणको कार्यमा अनुगमन समितिको संयोजक बनी स्थलगत अनुगमन गरी सदुपयोग गरी काम अघि बढाउनेछु । म वडामा नै अनुगमन समिति गठन गरेर योजनालाई परदर्शी तथा गुणस्तरीय विकासका लागि प्रतिवद्ध भई कार्यान्वयनमा जान्छु । यसका लागि सबै वडाबासीको सहयोगको अपेक्षा समेत गरेको छु ।

***योजनालाई परदर्शी ढंगबाट सम्पन्न गर्नको लागि के के विधि अपनाउनु हुन्छ ?***

- वडागत योजनालाई विवाद रहित ढंगबाट कार्य सम्पन्न गराउनु मेरो प्रमुख दायित्व हो । यसका लागि योजनाहरूको अनुगमन कार्यलाई कानुन संवत ढंगबाट अघि बढाउने छु । भएको काम त्यसको मुल्याङ्कन र बिल फछ्र्यौट प्रक्रियालाई कडाइका साथ कार्यानवयन गर्नेछु । उपभोक्ता समितिका पदाअधिकारीहरूलाई विकास कार्य पारदर्शी र जवाफदेही बनाउनको लागि अनुरोध गर्छु । त्यस्तै राम्रो काम गर्ने उपभोक्ता सहितिलाई पुरस्कृत र नराम्रो गर्नेलाई कानुनको कठघरमा उभ्याउँछु ।

***चित्लाङलाई सरकारले पर्यटकीय गाउँ घोषणा पश्चात अहिलेको अवस्था के छ ?***

- चित्लाङलाई पर्यटकीय गाउँको रूपमा नेपाल सरकारले घोषणा गर्नु हामी सबैका लागि गौरबको विषय हो । तर अहिलेसम्म पर्यटन प्रवर्द्धन गरौ भनेर लाग्ने जत्थाले पर्यटन व्यवशायलाई आफ्नो गुम्रामा राखेको तितो यथार्थ छ । चित्लाङमा सीमित व्यक्तिहरूको संजाल र तिनका निर्णयले सिमित सिमित व्यक्तिहरूको मात्रै हित भइरहेको छ । पर्यटन विकास गर्छु भन्नेहरूबाटै पर्यटन व्यवशायमा विकृति ल्याई राम्रा पर्यटन व्यवशायलाई धारासायी बनाउँदैछन् । यी यावत कुरालाई आत्मसात गर्दै चित्लाङको पर्यटन विकासको लागि अब वैधानिक पर्यटन प्रवर्द्धन तथा विकास समिति गठन गर्ने प्रयत्नमा छु ।

***चित्लाङलाई होमस्टेको गाउँ पनि भनिन्छ, चित्लाङबासीलाई पर्यटन व्यवशायी बनाउने योजना के छ ?***

- चित्लाङलाई पर्यटकीय गाउँ घोषणा गरेपश्चात् आन्तरिक तथा बाहि्य पर्यटकको आवागमनमा केही हदसम्म बढेकै पाइएको छ । चित्लाङमा होमस्टेको एउटा नम्सभित्र रही पर्यटकको मनोभावनाको कदर नभएको पर्यटकको गुनासो सुन्दा दुःख लागेको छ । होमस्टेको अवधारणा भन्दा पनि बाहिर रही काम गरेको, होमस्टे शीर्षकमा पर्यटन बोर्डबाट विनियोजित बजेट पर्यटन पूर्वाधारको विकासमा लगानी गर्नुको सट्टा समिति होमस्टेको निर्माण कार्यमा खर्च हुँदै आएको व्यापक जनगुनासो सुनि रहँदा लक्षितवर्ग यसबाट पाउने सुविधाबाट वञ्चित भएको प्रष्ट हुन्छ । चित्लाङको होमस्टेलाई सुदृढ गर्नको लागि यस वडामा भएका जनजाति धर्म संसकृति, रीतिरिवाज अनुरूप झल्किने खानपिन बसोबास आदिलाई पहिचान दिलाउने गरी साास्कृतिक कार्यक्रम प्रदर्शन गर्न सकेमा सम्पूर्ण चित्लाङबासीलाई पर्यटन व्यवशायी बनाउन सकिन्छ ।


## नेपाल सरकारको सूचना !

फागुनदेखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमामात्र बाल्ने,सलाइ लाइटर, मट्टितेल आदि ज्वलनशील बस्तु केटा केटीले भेट्ने ठाउँमा नराख्ने। केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाइ-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


● विकास मिडियाका लागि प्रकाशक : सुरजकुमार भुजेल (९८५५०६८६९५)● प्रबन्ध निर्देशक/सम्पादक : कुमार नेगी (९८५५०६८०७०)● समाचार संयोजक : अशोकसुजन श्रेष्ठ (९८५५०६८३५३)● कार्यालय : थाहा-४, मकवानपुर● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● इमेल: bikaskhabargmail.com